
नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२



यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ असोज २० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 06 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४९

## सीमा खुला भएसँगै वीरगंजको क्यासिनोमा भारतीयको चहलपहल बढ्यो

राधेश्याम पटेल, परवानीपुर, १९ असोज/

भारतीय पर्यटकहरू मदिरासँगै जुवा खेल्न वीरगंज आउन शुरू गरेका छन् ।



सरकारले कोरोना महामारी कम भएपछि प्रोटोकल बनाएर गत असोज १ गतेदेखि नेपाली क्यासिनोलाई सञ्चालन अनुमति दिएपछि र नेपाल–भारत सीमा पनि प्रोटोकल बनाएर सहज बनाएपछि भारतीयहरूको चहलपहल बढेको हो ।

पर्सा–बारा औद्योगिक कोरिडोरमा विभिन्न कर्पोरेट हाउस, उद्योग तथा घुमफिरको लागि भारतीयहरू आउने गर्छन् । सोही क्रममा मदिराको चुस्कीसँगै जुवा खेलेर मनोरञ्जन गर्न उनीहरू क्यासिनो छिर्ने गर्छन् ।

वीरगंज क्षेत्रमा दुईवटा र सिमरामा एक गरी यस क्षेत्रमा तीन ठाउँमा क्यासिनो सञ्चालनमा छन् । वीरगंजको होटल भिस्वा परिसरमा सञ्चालित सिएमजी क्लबका सञ्चालक चन्द्रिका सिंहले अहिले ६० भन्दा बढी भारतीय पर्यटक दैनिकरूपमा क्यासिनोमा आइरहेको बताए । उनले असोज १ गतेपछि क्यासिनो सञ्चालनमा ल्याइए पनि अबको तीन महीना व्यवसाय लयमा आउन समय लाग्ने बताए । उनले कोरोना पहिले दैनिक ९० जनाको हाराहारीमा पर्यटक आउने गरेकामा कोरोनापछि करीब डेढ वर्ष क्यासिनो बन्द रहेकोले करोडौं रुपैयाँ घाटा भएको बताएका छन् ।

सिएमजी क्लबमा पहिले करीब तीन सय मजदूर तथा कर्मचारी काम गर्थे भने अहिले दुई सय हाराहारीमा काममा फर्किसकेको उनले जानकारी गराए ।

वीरगंजको आदर्शनगरमा रहेको सुरज होटलको फर्चुन सिटी गेमिङ क्लबका प्रबन्धक विनोद रावलले पनि पहिलेभन्दा भीडभाड बढिरहेको बताए । उनले यथावस्थामा दुई सातापछि भीडभाड अझै बढ्ने विश्वास व्यक्त गरे ।

कोरोनाले करीब १८ महीना ठप्प नेपाल–भारत सीमा अहिले खुलेको र बिस्तारै भारतीयहरूको चाप बढ्ने उनले बताए ।

डेढ वर्ष बन्द रहँदा क्यासिनोमा रहेका धेरै गेमिङ मेशिन खिया लागेर बिग्रेको र नयाँ गेमिङ मेशिन विदेशबाट आयात गर्न तीन महीना लाग्ने बताउँदै उनले अहिले ५० प्रतिशत क्षमतामा क्यासिनो सञ्चालन भएको बताएका छन् । रावलले भारतको बिहारमा मदिरा प्रतिबन्धित रहेकोले मदिरासँगै जुवा खेल्न भारतीय पर्यटकहरू आउने क्रम सीमानाका खुला भएसँगै बढिरहेको बताए ।

क्यासिनोमा नेपाली नागरिक प्रवेश अनुमति छैन र भारतीय वा विदेशी पर्यटकलाई परिचयपत्र हेरेर भित्र प्रवेश दिइन्छ । सुरज होटलको फर्चुन सिटी गेमिङ क्लबमा दैनिक ५० जनाभन्दा बढी भारतीय आइरहेको उनले बताए । रु ५ हजारदेखि डेढ लाखसम्मको गेमिङ भारतीय पर्यटकहरूले खेल्ने गरेको उनले बताए । यो क्यासिनोमा पहिले ६५ जना कर्मचारी काम गर्थे भने अहिले ४० जना काममा फर्किसकेको प्रबन्धक रावलले जानकारी गराए ।

बाराको सिमरास्थित होटल इच्छामा स्माइल क्यासिनोमा पनि भारतीय पर्यटकको चहलपहल बढ्न शुरू भइसकेको होटलका सञ्चालक इच्छाबहादुर वाग्लेले बताए । उनले एक साताअघिसम्म पाँचजनाको हाराहारीमा भारतीय आउने गरेको र अहिले सीमानाका खुला भएपछि करीब १५ जनाको हाराहारीमा भारतीयहरू आइरहेको बताए । उनले सरकारले अनुमति दिएको नौवटा क्यासिनोमध्ये सातवटा काठमाडौंमा, एउटा भैरहवामा र एकवटा सिमरामा रहेको बताए ।

बाँकी सबै क्यासिनो गेमिङ क्लब भएको उनले बताए । उनको होटलभित्रको क्यासिनोमा ठूलो मेशिनबाट जुवा खेलाइने भएकोले प्रदेश २ मैं सम्भवतः यस्तो क्यासिनो नभएको उनले दाबी गरे ।

सरकारले प्रोटोकल बनाएर सीमा खोलेपछि क्यासिनो व्यवसाय पनि पुरानो लयमा फर्किन लागेकोमा खुशी व्यक्त गरे । भारतीय पर्यटकले गाडीसहित नेपाल आउन ७२ घण्टाअघिको कोभिड–१९ परीक्षण रिपोर्ट (पिसिआर वा एन्टिजेन), सिसिएमसी डट जिओभी डट एनपीमा लग इन भएर स्थलमार्गबाट नेपाल प्रवेशसम्बन्धी व्यक्तिगत विवरणसहितको अनलाइन फाराम भर्नुपर्छ र वीरगंज भन्सारमा दुई पाङ्ग्रे गाडीको लागि रु डेढ सय र चार चक्के गाडीको लागि रु ५ सयको प्रवेश अनुमतिको रसिद कटाएपछि नेपाल प्रवेश गर्न पाइन्छ । शङ्कराचार्य द्वारमा रहेको हेल्थ डेस्कमा एन्टिजेन परीक्षण गराउँदा १० मिनेटमैं रिपोर्ट पाइने व्यवस्था मिलाइएको वीरगंज महानगरको स्वास्थ्य महाशाखाकी डा अनिशा महतोले बताइन् ।

## प्रदेश २ मा कोरोना : १२० जना सक्रिय सङ्क्रमित

प्रस, वीरगंज, १९ असोज/

प्रदेश २ मा कोरोना महामारी नियन्त्रणोन्मुख देखिएको छ । प्रदेश २ को स्वास्थ्य निर्देशनालय जनकपुरको तथ्याङ्क अनुसार असोज १९ गते जम्मा सातजना नयाँ सङ्क्रमित भेटिएका छन् भने हिजोसम्ममा ११३ जना गरी कुल १२० जना सक्रिय सङ्क्रमित रहेको तथ्याङ्कले देखाएको छ ।

दैनिक १० जनाभन्दा कम नयाँ सङ्क्रमित थपिएकाले कोरोना सङ्क्रमितहरूको सङ्ख्या कम हुँदै गएको हो । १२० जनामध्ये एकजना अस्पतालमा उपचाररत छन् भने आठजना सामान्य उपचार गराइरहेका छन् । बाँकी सबैजनाको घरमैं होम आइसोलेशनमा उपचार भइरहेको निर्देशनालयका वरिष्ठ चिकित्सक डा कमलेश्वरप्रसाद यादवले जानकारी गराए । सप्तरीको अस्पतालमा एकजना एचडियूमा उपचार गराइरहेका छन् भने बाँकी आठजना महोत्तरीदेखि सिराहासम्मका सामान्य उपचार भइरहेको छन् ।

बाँकी सर्लाहीदेखि पर्सासम्म चार जिल्लामा अस्पतालमा कोरोना सङ्क्रमित भर्ना भएर उपचार गराउनेको सङ्ख्या शून्य छ ।

त्यसैगरी, जिल्ला तहमा सप्तरीमा १७, सिराहामा ९, धनुषामा २७, महोत्तरीमा १७, सर्लाहीमा ६, रौतहटमा १९, बारामा ४ र पर्सामा १२ जना सक्रिय सङ्क्रमित होम आइसोलेशनमा छन् । कोरोना महामारीमा प्रदेश २ का आठ जिल्लामा पर्सादेखि सप्तरीसम्म क्रमशः १३०, १७६, १२८, ९३, ९१, १३१, १३३, १५५ गरी कुल एक हजार ३८ जनाको ज्यान विगतका दुईवटा कोरोना लहरमा गइसकेको छ ।

### छोटकरी

## मलामी गएका व्यक्ति बेपत्ता

प्रस, गरुडा, १९ असोज/

मलामी गएका रौतहटका एक पुरुष वाग्मती नदीमा बेपत्ता भएका छन् ।

रौतहटको माधवनारायण नगरपालिका–६ माधोपुरका ५० वर्षीय गङ्गाराम बैठा छिमेकीको मलामी जाँदा वाग्मती नदीमा बेपत्ता भएका हुन् ।

छिमेकीको मृत्यु भएपछि गाउँभन्दा पूर्व रहेको पिपरा रजवाडा गाउँनजीक वाग्मती नदीमा अन्तिम संस्कार गर्ने क्रममा नदीमा नुहाउन पसेका बैठालाई भेलले बगाएको हो ।

नदीमा जलस्तर बढेको र पानीको बहाव तीव्र भएकोले बैठालाई भेलले बगाएको प्रहरीको भनाइ छ ।

नुहाउने क्रममा बेपत्ता भएका बैठाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक नारायणप्रसाद चिमोरियाले जानकारी गराएका छन् ।

आत्महत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौं, समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



## विचारसार र सूक्तिहरू

**गुमिसकेपछि मात्र थाहा हुन्छ, कति मूल्यवान् थियो– समय, व्यक्ति र सम्बन्ध ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बढ्दो छ आवश्यकता

**मानिसको आवश्यकता जसैजसै बढ्दै जान्छ, त्यसको पूर्तिको सवाल जटिल हुँदै जान्छ । जुन व्यक्ति, परिवार, समाज वा राष्ट्रमा आवश्यकता धान्न सक्ने संसाधन छ, उसले गाऱ्होसाऱ्हो थेग्छ । तर जोसँग आवश्यक त के, सामान्य संसाधनसमेत छैन, उसले बढ्दो आवश्यकताको पूर्ति कसरी गर्ने ? यसको दुईवटा उपाय हुन सक्छ–एउटा, आवश्यकता बढ्नै नदिने; दोस्रो, जसरी भए पनि आवश्यकता पूर्ति गर्ने । आवश्यकता बढ्न नदिनु साधु, सन्तहरूका लागि सम्भव होला । संसारी मानिसलाई त जसरी भए पनि आवश्यकता पूर्ति नै सर्वोपरि लाग्दछ । यो मानिसको स्वाभाविक गुण पनि हो कि ऊ यथास्थितिमा बाँच्न सक्दैन । उसलाई जीवनमा, जीवन–शैलीमा, चाहना–आकाङ्क्षा परिपूर्तिमा परिवर्तन चाहिन्छ नै । अनि ऊ जुनसुकै उपायको खोजीमा लाग्दछ । यो जुनसुकै उपाय भनेको आफ्नो सामर्थ्यभन्दा बढी काम गर्नु, चोरी, डाँकाजनी, तस्करी, रङ्गदारी, ठगी, घूसखोरी जे पनि हुन सक्छ । सामर्थ्यभन्दा बढी काम गर्ने मानिसले पाउने आफ्नो कमाइको केही अंश बढी मात्र हो । त्यसबाहेकका उपाय अवलम्बन गर्दा मालामाल हुन सकिन्छ । र आजको मानिस सामर्थ्यभन्दा बढी यस्तै कामतर्फ लहसिन्छ ।**

**यसै हप्ता जानकी टोला, दशौंतामा सशस्त्र प्रहरीले दुईजना बालकलाई लागू पदार्थ तस्करी गरिरहेको अवस्थामा पक्राउ गरेको छ । पक्राउ पर्ने बालकहरू कानूनी प्रावधान अन्तर्गतका बालकहरू हुन् । तिनको उमेर १६ र १८ वर्ष छ । हाम्रो पूर्वीय समाजमा प्राप्तेतु षोडसे वर्षे पुत्र मित्रमिवा चरेत् भनिएको छ । अर्थात् पुत्र १६ वर्षको भयो भने ऊसँग मित्रवत् व्यवहार गर्नुपर्छ । बालकले कुनै अपराध गऱ्यो भने उसलाई सजाय हुँदैन वा थोरै हुन्छ, सरल हुन्छ । त्यसैले अहिले प्रायः बालकहरूलाई अपराध कर्ममा लगाउने मानसिकता वृद्धि हुँदै गएको छ । घर–परिवारले पनि सरल तरीकाले धन प्राप्त हुने र समातिएको अवस्थामा सजाय कम हुने स्वार्थजन्य सोचले आफ्ना नाबालिग सन्तानलाई यस्ता काममा लगाउने गरेका छन् । यसको शुरूआत महिलाहरूलाई यस्ता काममा लगाउनेबाट शुरू भएको हो । पञ्चायतको उत्तरार्धदेखि नै महिलाहरू तस्करीमा प्रयोग हुन थालेका थिए । महिलाप्रति समाजको सहानुभूतिशील दृष्टिकोणको लाभ उठाउन त्यस्तो गरिएको थियो । त्यो क्रम अहिले बालकहरूसम्म आइपुगेको छ ।**

**खराब प्रवृत्तिको कुनै सीमा हुँदैन । पूज्य नारी जातिलाई जब गलत कार्यमा प्रयोग गरिन्छ र समाजले त्यसलाई मान्यता दिँदै जान्छ, त्यसले विकृति नै फैलन्छ । शुरूमा समाजले सोच्दैन, पछि स्वयं विकृतिको शिकार बन्न पुग्छ । त्यो विकृति अब बालकहरूमा सार्न थालिएको छ । कानूनले १८ वर्षसम्मको व्यक्तिलाई बालक मानेर कानूनमा जुन छुट दिएको छ, त्यसको ध्येय उसलाई त्यस उमेरसम्म शिक्षामा संलग्न गराउनु थियो, अपराध गरोस् र उसको सजाय कम होस् भन्ने पटक्कै थिएन । तर आवश्यकताले गाँजिएको मानिसले कानूनकै उपयोग गरेर कानूनको खिल्ली उडाउन थाल्यो । राज्यले कानून बनाउने, त्यसको कार्यान्वयन गर्ने त हो, तर त्यो अवस्था नै आउन नदिनेतर्फ चनाखो हुनु राज्य वा समाजको प्रथम दायित्व हो । राज्य र समाज यही चुकेको छ, जसले गर्दा समाजमा विकृतिको अम्बार लाग्न थालेको छ ।**

# चर्चा नेपाली समाजवादको

स्वतन्त्र विचार



विनोद गुप्ता

**नेकापछि अर्को ठूलो दल एमालेले मदन भण्डारीको बहुदलीय जनवादको जतिसुकै नारा घन्काए पनि, चरित्र नेकाको गन्तव्यविहीन समाजवादभन्दा फरक छैन । बाँकीको के कुरा, जसको न कुनै राजनीतिक, न आर्थिक दर्शन छ । छ भने मन्त्रीपद पाउने एकसूत्रीय दर्शन छ ।**

नेपाली काङ्ग्रेसले आफ्नो झन्डामा राखेको चारवटा तारा र प्रत्येक ताराको पाँचवटा चुच्चोको अर्थ कति काङ्ग्रेसीलाई आज थाहा वा सम्झना छ, थाहा छैन । तर चारवटा तारामध्ये एउटा तारा समाजवादको लागि हो, जसलाई आर्थिक समानताबाट रूपान्तरण गरी २०१२ सालमा भएको वीरगंज सम्मेलनबाट समाजवाद राखिएको थियो। समाजवाद अँगाल्नुको सोझो अर्थ थियो, प्रजातन्त्रका रूपमा वाक् तथा प्रकाशन स्वतन्त्रता दिनु र समाजवादको नाउँमा आर्थिक समानतालाई बढावा दिनु। यस अर्थमा समाजवाद स्वच्छन्दतामा अंकुश लगाएर व्यक्तिगत स्वतन्त्रतालाई प्रश्रय दिने प्रणाली हो । तसर्थ यसले खुला बजार अर्थनीति लिंदै आर्थिक वृद्धिले नछुने स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी, कृषि, पर्यटन, ऊर्जा तथा उद्योगीकरणतर्फ निजी उद्यमशीलतालाई प्रश्रय दिन्छ । यसका लागि नै नेपाली काङ्ग्रेसको झन्डामा अङ्कित ताराहरूको पाँचवटा चुच्चाले महात्मा गाँधीले परिकल्पना गरेको पञ्चायती राज अर्थात् 'स्वराज' जुन आज 'सामुदायिक सरकार' को स्वरूप ग्रहण गरेर विकसित मुलुकहरूमा आएको छ, राजनैतिक सिद्धान्तको रूपमा स्वीकार गरिएको हो । आफ्नो जीवनकालमा 'स्वराज' स्थापनाका लागि धेरै काम गर्न नपाएको नेपालका जननेता विपीले भने नेपालको परिप्रेक्ष्यमा समाजवादलाई भने अत्यन्त सरल शब्दमा परिभाषित गरेका छन्। उनको भनाइमा नेपालको समाजवाद भनेको 'प्रत्येक गरीबको झुपडीमा कमसेकम एउटा दूध दिने गाई' हुनु हो । यो एक वाक्यले नेपालको समाजवादलाई अत्यन्त सरल शब्दमा बुझाउँछ । भनिन्छ उनको यो परिकल्पना शुमासरको Small is beautiful भन्ने भनाइबाट प्रेरित थियो ।

कालान्तरमा महात्मा गाँधीकै भारतमा 'स्वराज' को सट्टा भारतीय अर्थशास्त्री जगदीश भगवती र अरविन्द पानागरियाले आफ्नो 'ग्रोथ मैटर : हाउ इकोनोमिक ग्रोथ इन इन्डिया रिडचुस्ड पोभर्टी, द लेशन फर अदर डेभलपिङ कन्ट्रिज' नामक पुस्तकबाट आर्थिक उदारीकरणको दुईवटा मार्ग उल्लेख गरेका छन् । पहिलो व्यापारिक प्रतिष्ठानहरूमाथि लादिएको नियमभार घटाउने र व्यापारको उदारीकरण गर्ने, जसले गर्दा उच्च आर्थिक वृद्धिदर हासिल भई सरकारी राजस्व बढ्नुका साथै थप आर्थिक अवसर सिर्जना हुन्छ र दोस्रो– यसरी प्राप्त भएको राजस्व वञ्चित समुदायको विकासमा खर्च गर्न सकिन्छ। भारतमा स्व. राजीव गाँधीले आफ्नो प्रधानमन्त्रित्वकालमा भित्र्याएको उदारीकरण अटलबिहारी वाजपेयीबाट हुँदै आज नरेन्द्र मोदीको कार्यकालसम्म निरन्तर जारी छ र त्यसको परिणाम आज सम्पूर्ण विश्वको ठूला प्रतिष्ठानहरूको रोजाइमा भारत पर्नुबाट स्पष्ट हुन्छ ।

भारतीय शैलीमैं नेपाली काङ्ग्रेसले पनि उदारीकरणको नीति २०४६ को जनान्दोलनपछि नै अख्तियार गऱ्यो र २०४८ सालपछि लागू गरिएको आर्थिक उदारीकरणको नीतिले नेपालको अर्थतन्त्रलाई आजसम्म टिकाइरहेको भए पनि समाजवाद उन्मुख भने हुन सकेन । नेकाले आफ्नो कलवलगुडी सम्मेलनबाट विपीको समाजको परिभाषाभन्दा भिन्न परिभाषा दियो। त्यो सम्मेलनबाट नेकाको समाजवाद 'उन्नतिको समान अवसर' मा रूपान्तरित भयो । तदनुरूप नेपालमा अस्पताल, शैक्षिक प्रतिष्ठान तथा व्यवसाय र उद्योगमा लगानी थपियो तर अवसर भने सबैले पाउन सकेनन्। आज पनि बैंकहरूकै तथ्याङ्क अनुसार बैंकहरूको सङ्ख्या पञ्चायतकालको तीनबाट बढेर ३० पुग्दा, पहुँच भने ३० प्रतिशत जनतामा नै सीमित छ । व्यापार व्यवसायमा लगानी बढे पनि ती सबै पुरानै प्रतिष्ठानको वरिपरि घुमिरहेका छन् भने नयाँ थपिने उद्यमीहरूको सङ्ख्यामा जम्माजम्मी एक प्रतिशतले मात्र वृद्धि भएको छ ।

प्रजातन्त्र स्थापना भएको ३० वर्ष बितिसक्दा पनि कर्णाली मा ४६ प्रतिशत र प्रदेश २ मा १९ प्रतिशत जनता निरपेक्ष गरीबीको रेखामुनि छ । माओवादी आन्दोलन र लोडसेडिङले थलिएको उद्योग क्षेत्रको औसत क्षमता उपभोग ४० प्रतिशतभन्दा माथि जान सकेको छैन । राष्ट्रिय गौरवका २२ आयोजनाहरूको कथा अनन्त छ । यसमा काङ्ग्रेस मात्र होइन, सबै दल सहभागी छन्, काङ्ग्रेसपछि सबभन्दा बढी सत्तामा बस्ने दल एमालेले समेत जबज अङ्गीकार गरे पनि यस दिशामा ठोस पाइला चाल्न सकेन । वैदेशिक लगानी घट्यो भनी रोइलो गरिराख्दा कोरियन मोटर कम्पनी र डंगोटेको हविगत हामीले के गरेका छौं भन्ने बिर्सेर कसरी वैदेशिक लगानी भित्र्याउन सकिन्छ ? अहिले सबै राजनैतिक दलको आआफ्नो औद्योगिक व्यावसायिक घराना छ र जसको सरकार छ उसले आफ्नै घरानालाई लाभ दिने नीति ल्याउँछ । फलतः आम जनता दुब्लाउँदै गएको छ । सन् २०१५ देखि २०२० सम्मको प्रत्यक्ष र अप्रत्यक्ष करको सङ्कलन हेर्दा अप्रत्यक्ष कर अर्थात् आयात एकदमै बढेको तर प्रत्यक्ष कर स्थिर रहेको सरकारी तथ्याङ्कले नै देखाएको छ । यसलाई केलाएर अर्थ्याउने र जनचेतना जगाउने न कुनै सांसद, न कुनै बुद्धिजीवी नै भेटिन्छ नेपालमा ।

आखिर विपी, पुष्पलाल वा गजेन्द्रनारायण सिंहका उत्तराधिकारीहरू किन बुझ्दैनन् यस्ता कुरा । राज्यको भूमिकाको प्रस्तावनाको लम्बेचौडे फेहरिस्त बनाए पनि वित्तीय स्रोतको सिर्जना गर्नेबारे समाजवादले सैद्धान्तिक रूपमा विस्तारपूर्वक चर्चा गरेको पाइँदैन। फलतः यसका नेपाली अभियन्ता जसले जे बुझे आफू अनुकूल त्यसको व्याख्या र प्रयोग गर्न थाले र यसमा जनताले पनि आफैंले वा उनका प्रतिनिधि वा बुद्धिजीवीले कहिले इमानदारीपूर्वक प्रश्न उठाएनन्। केहीले उठाए पनि उनीहरूलाई 'मुद्रा–लाभ' गराई चुप लगाइयो। भारत आज पाँच ट्रिलियन अमेरिकी डलरको आर्थिक नीति हासिल गर्ने लक्ष्य लिएर अगाडि बढेको छ, तर दिगो आर्थिक विकास लक्ष्य सन् २०३० सम्म हासिल गरेर माथि उक्लन हामीलाई चाहिने २० खर्ब (अहिले १५ खर्बको बजेट छ) को जोहो गर्न धौंधौ परेको छ । वैदेशिक लगानी घट्दो छ ।

प्रजातन्त्र बहालीपछि पनि वैदेशिक सहयोग, अनुदानको ५२ प्रतिशत वाग्मती (३ नं प्रदेश) मा र बाँकी ६ वटा प्रदेशमा ८ प्रतिशतको असमानुपातिक लगानी छ। नेकाले सत्ता प्राप्त गरेपछि अख्तियार गरेको खुला अर्थनीतिले व्यापार क्षेत्र, सेवा क्षेत्रमा राम्रो विकास भयो तर सरकारी उद्योगहरूलाई निजीकरणको नाउँमा बन्द गर्ने जुन चलखेल भयो, एकातिर त्यसले बेरोजगारी बढायो भने अर्कोतिर राष्ट्रिय गौरवका आयोजनाहरूलगायत ऊर्जा क्षेत्रमा गरिएको लगानी योजना समयमा कार्यान्वयन हुन नसकी अपेक्षित सामाजिक–आर्थिक प्रतिफल प्राप्त हुन सकेन । स्थिति यतिसम्म खराब छ कि निजी क्षेत्रले फलाम र सिमेन्टमा गरेको लगानी बजारको अभावमा क्षमताको ४० प्रतिशत मात्र उपयोग भई खेर गइरहेको छ । जुट मिल, चुरोट कारखाना र चिनी मिल कृषिमा आधारित उद्योग थिए, जसलाई नगदे बालीको रूपमा लिन सकिन्छ। यी उद्योगहरू धराशायी गरेर यसको विकल्पमा किसानलाई कुनै पनि सरकारले केही दिएन। अन्नबाली रोप्यो खाद छैन, सिंचाइ पनि छैन अनि उब्जेको बालीबाट किसानलाई ऋण तिर्न धौं–धौ परिरहेको हुन्छ। अर्कोतिर निर्वाचनपछि बनेका पालिकाहरूले ४६ अर्बको गाडी मात्रै किने, बाँकी जातीय नाम बोकेको धर्मशाला, जथाभावी सडक र स्वागतद्वार निर्माणमा लगाए र त्यसमा समेत भ्रष्टाचार गरेको महालेखाको प्रतिवेदनबाटै छर्लङ्ग देखिन्छ ।

यस्तो लथालिङ्ग किन भइरहेको छ भनेर विश्लेषण गर्दा मलाई के लाग्छ भने नेपालका शासकहरू जहिले पनि सत्ता जोगाउन र शासन गर्ने ग्रन्थि वा मनोरोगबाट ग्रस्त थिए भन्ने देशी–विदेशी विद्वान्हरूको भनाइ पूर्वका शासकहरूमा मात्र नभई, आजका शिक्षित शासकमा पनि लागू हुन्छ। उनीहरूले गर्ने राजनीति आत्मकेन्द्रित छ, देश र जनता केन्द्रित छैन। यही कारण हो नेपाली काङ्ग्रेस न विपीको समाजको परिभाषामा खरो उत्रियो न माथि उल्लिखित भारतीय अर्थशास्त्रीहरूको परिभाषामा। नेकापछि सबभन्दा बढी समय शासन गर्ने अर्को ठूलो दल एमाले नेकपा बनेर फेरि एमाले बने पनि उसले मदन भण्डारीको बहुदलीय जनवादको जतिसुकै नारा घन्काए पनि चरित्र भने नेकाको गन्तव्यविहीन समाजवादभन्दा फरक छैन। बाँकीको त कुरा नै के गर्ने, जसको न कुनै राजनीतिक, न आर्थिक दर्शन नै छ। छ भने मन्त्रीको कुर्सी पाउने एकसूत्रीय दर्शन छ ।

यस्तो विडम्बनापूर्ण अवस्थामा नेपाल र नेपालीको समृद्धिका लागि समस्या भनेकै प्रस्थान–बिन्दु हुन पुगेको छ। हाम्रो प्रस्थान बिन्दु नै स्पष्ट नभएकोले हामी जहिले पनि लक्ष्य प्राप्तिको साटो लक्ष्यच्युतको शिकार भइरहेका छौं ।

# बडादशैं : पहिले र अहिले

मन्तव्य



कुमार रूपाखेती

**... शहरमा रङ्गबिरङ्गी भीखमाग्नेहरू बच्न व्यापारी, उद्योगपतिहरू भूमिगत हुन थालेपछि, चाडपर्व लक्षित नयाँ नयाँ पत्रिका बजारमा देखिन थालेपछि, हुनेखानेले सीमापारिको बजारमा भीड लगाउन थालेपछि, पानपसलहरूमा जोडजोडले गीत–सङ्गीत बज्न थालेपछि ...**

घरघरै भेंडा, च्याङ्ग्रा, खसी, बोकाको म्याम्या आवाज सुनिन थालेपछि, देश छाडेर परदेश गएकाहरू धमाधम घर फर्कन थालेपछि, दशैंको जोहो गर्न घरपालुवा खसी, बोका डोऱ्याएर गृहिणीहरू बिक्री गर्न बजार धाउन थालेपछि, ढिंकी, जातोको आवाज एकाबिहानैदेखि सुनिन थालेपछि, गाउँघरमा पिङ मच्चिन थालेपछि, आकाशमा चङ्गा उड्न थालेपछि, बथानमा ग्रामीण महिलाहरू बजार जान थालेपछि, बारीभरि रङ्गबिरङ्गी फूल फुल्न थालेपछि, किसान फुर्सदमा देखिन थालेपछि, राष्ट्रबैंकले नयाँ नोट सटही गर्न थालेपछि, केटाकेटीहरू नयाँ लुगा पाएर दङ्ग पर्न थालेपछि र बस्तीहरूमा मालाश्री धुन बज्न थालेपछि बडादशैं संघारमा पुगेको आभास गरिन्थ्यो ।



अचेल त सडेगलेका सामानसहितको सस्तो बजार (दशैंको) लाग्न थालेपछि, दक्षिणी सीमामा मुग्लानबाट पसिना बगाएर कमाएर नेपाल आउनेहरू लुटिन थालेपछि, बजार भाउले आकाश छुन थालेपछि, सरकारले बजार अनुगमनको ढिंढोरा पिट्न थालेपछि, दशैं धान्न ऋण खोज्नेहरू बढ्न थालेपछि, दुर्गापूजाको नाममा चन्दा माग्नेहरू घरघरै पुग्न थालेपछि, चोरी चकारी ह्वात्तै बढ्न थालेपछि, प्रहरी–ट्राफिक प्रहरीको सक्रियता बढ्न थालेपछि, शहरमा रङ्गबिरङ्गी भीखमाग्नेहरू बच्न व्यापारी, उद्योगपतिहरू भूमिगत हुन थालेपछि, चाडपर्व लक्षित नयाँ नयाँ पत्रिका बजारमा देखिन थालेपछि, हुनेखानेले सीमापारिको बजारमा भीड लगाउन थालेपछि, पानपसलहरूमा जोडजोडले गीत–सङ्गीत बज्न थालेपछि, नयाँ नोटको कालोबजारी हुन थालेपछि, तासको गड्डी बिक्न थालेपछि, शहरका फूटपाथमा धडल्लेले पसल चलाउन थालेपछि, सडक जाम हुन थालेपछि अचेल बडादशैं लागेको महसूस गरिन्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# सनम हत्या र ३३ किलो सुनकाण्डमा संलग्न रहेका गोरेसहित छजनालाई जन्मकैदको फैसला

मोरङ, १९ असोज/रासस

जिल्ला अदालत मोरङले मङ्गलबार सनम शाक्य हत्याकाण्ड र ३३ किलो सुन प्रकरणमा प्रमुख भूमिकामा रहेका चुडामणि उप्रेती भन्ने गोरेसहित छजनालाई दोषी ठहर गरी जन्मकैदको फैसला सुनाएको छ।




जिल्ला अदालतका न्यायाधीश भरत लम्सालको इजलासले प्रतिवादीमध्ये मुख्य अभियुक्त मोरङ उर्लाबारीका उप्रेतीसहित छजनालाई जन्मकैदको फैसला सुनाएका छन् भने अन्य दुईमध्ये एकजनालाई तीन वर्ष र अर्कालाई छ महिना कैद सजायको फैसला भएको अदालतका सेस्तेदार टिकेन्द्रवीर जङ्ग राणाले जानकारी दिए।

गोरेसहित टेकराज मल्ल ठकुरी, लाक्पा शेर्पा, मोहन काफ्ले, कृष्ण भनिने नरेन्द्र कार्की र भोजे मामा भनिने भोजराज भण्डारीलाई जन्मकैदको फैसला सुनाइएको हो। अदालतले राजन कुमारलाई तीन वर्ष र माधव भनिने मदनप्रसाद घिमिरेलाई छ महिना कैद सजायको फैसला गरेको सेस्तेदार राणाले बताए।

मुद्दाका ७७ जनालाई प्रतिवादी बनाइएकामा ४८ जनाले सफाइ पाएका छन् भने २१ जना फरार रहेकाले मुद्दा मुल्तवीमा राखिएको उनले जानकारी दिए।

जिल्ला अदालत मोरङमा विसं २०७५ वैशाख १९ गते आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी पैठारी र चोरी निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान गरेर चारवटा शीर्षकमा मुद्दा दायर भएको थियो।

# चालक अनुमतिपत्रः सङ्घ र प्रदेशको आआफ्नै नियम

काठमाडौं, १९ असोज/रासस

यातायात व्यवस्था विभागले केही समय पहिले प्रयोगात्मक परीक्षामा ७० प्रतिशत ल्याउनेलाई उत्तीर्ण गर्नेगरी परीक्षासम्बन्धी कार्यविधि जारी गरेको थियो। प्रदेश कार्यालयले भने शतप्रतिशत नै ल्याउनेलाई मात्रै सो परीक्षामा उत्तीर्ण गराइरहेको छ।

सङ्घीय ऐनमा पाँच–पाँच वर्षमा चालक अनुमतिपत्र नवीकरणको व्यवस्था छ। वाग्मती प्रदेश सरकारले बनाएको ऐनमा भने १०–१० वर्षमा नवीकरण गर्ने व्यवस्था छ। यसैगरी विदेशमा बनाइएका 'स्मार्ट' चालक अनुमतिपत्रका आधारमा नेपाली चालक अनुमतिपत्र दिइने व्यवस्था सङ्घीय ऐनमा छ।




सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा नेपालीकरणको व्यवस्था भए पनि प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयले सोझै अनुमतिपत्र दिन मानेका छैनन्। प्रयोगात्मक परीक्षा (ट्रायल) पास गरेपछि मात्रै अनुमतिपत्र दिन सकिने कार्यालयले जनाउँदै आएका छन्।

चालक अनुमतिपत्र नेपालीकरण, परीक्षा प्रणाली र नवीकरण उदाहरण मात्रै हुन्। नयाँ संविधान जारी भएपछि यातायात क्षेत्र, खासगरी चालक अनुमतिपत्रमा सङ्घ र प्रदेशबीच कार्यक्षेत्रमा अन्योलता देखिएको छ। सङ्घले एकथरी निर्णय गर्दा वा सङ्घीय ऐनमा एकाथरीको व्यवस्था हुँदा प्रदेशले अर्कै किसिमको ऐन बनाएको छ। यातायात प्रदेश सरकारको एकल अधिकार जनाउँदै सङ्घीय सरकारको ऐन, कानून, निर्णय नमान्ने गरेको पाइएको छ।

अनुमतिपत्रमा देखिएका समस्या प्रदेश सरकार आफैं पनि समाधान नगर्ने र सङ्घीय सरकारको निर्णय पनि नमान्दा समस्या आइरहेको विभागका महानिर्देशक नमराज घिमिरेले बताए। अहिले अनुमतिपत्र छपाइ र सफ्टवेयरबाहेक बाँकी सबै जिम्मेवारी प्रदेश सरकारको हो। सफ्टवेयरमा समस्या आउँदा सुधारका लागि विभाग तयार रहेको उनले बताए। उनले भने–"प्रदेश आफैंले निर्णय नगरेसम्म हामीले सच्याउन सक्दैनौं।"

सङ्घीय ऐनसँग प्रदेश ऐन बाझिएकोले पनि पटकपटक समस्या आइरहेको छ। सङ्घीय सरकारले संविधान अनुसार ऐन बनाउन बाँकी छ भने कतिपय प्रदेशले ऐन बनाएर लागू गरिसकेका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विधेयक छलफलका क्रममा रहेको छ। प्रदेशले बनाएको कानून बाझिंदा कसरी कार्यान्वयन गर्ने भनी समस्या देखिन थालेको उनले बताए।

प्रदेशले एकल अधिकारको सूचीमा भएकोले सङ्घीय कानूनको बेवास्ता गरेर ऐन बनाए पनि कार्यान्वयन सजिलो नभएको उनले बताए। उनले भने–"यातायातका धेरै विषय अन्तर्प्रदेश जोडिने भएकाले कार्यान्वयन सजिलो छैन।" कानूनकै विषयमा कतिपय अस्पष्टता रहेको र कतिपय विषय कार्यान्वयन सजिलो नभएको महानिर्देशक घिमिरेले बताए।

प्रदेशभित्र चल्ने सवारीसाधनको भाडादर निर्धारणको जिम्मेवारी प्रदेश सरकारको हो भने अन्तर्प्रदेश चल्ने सवारीसाधनमा भाडादर निर्धारणको जिम्मेवारी सङ्घीय सरकारको हो। कतिपय प्रदेशबीचको दूरी १५ मिनेट मात्रै भएको र प्रदेश–प्रदेशबीच फरक–फरक भाडादर कायम हुँदा कार्यान्वयन अप्ठेरो हुन सक्ने उनले बताए। उनले भने–"नयाँ बन्ने सङ्घीय ऐनमा पनि यी कुरा समेट्ने खाँचो छ।" लामो समयदेखि अनुमतिपत्र नेपालीकरण रोकिएकोले सेवाग्राही हैरान छन्।

पहिले एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले नेपालीकरण गर्दा कतिपय कागजात नक्कली भएकाले कर्मचारी कारबाहीमा परेका थिए। त्यसयता अरू यातायात कार्यालयले पनि नेपालीकरण गर्न मानेका छैनन्। गलत काम गर्ने व्यक्ति कारबाहीमा परे पनि ऐनमा भएको व्यवस्था नै कार्यान्वयन गर्दिनँ भन्न नमिल्ने महानिर्देशक घिमिरेले बताए। उनले भने–"दूतावासबाट सिफारिश ल्याउनु भन्न सकिएला तर कार्यान्वयन नै गर्दिनँ भन्न मिल्दैन।"

सङ्घीयता कार्यान्वयनसँगै यातायात क्षेत्रमा अधिकार क्षेत्रको विवाद देखिन थालेको हो।

पहिले सङ्घीय सरकार अन्तर्गत रहेका कार्यालय प्रदेश अन्तर्गत हस्तान्तरण भए पनि कार्यान्वयनमा भने समस्या देखिएको छ। कानून निर्माणदेखि कार्यान्वनसम्म दुवै सरकारबीच समन्वय आवश्यक भए पनि आआफ्नो तरीकाले चल्दा यसका मारमा सेवाग्राही परिरहेका छन्।

# न्याय खोज्दै पैदल यात्रामा

धादिङ, १९ असोज/रासस

महिलामाथि भएको घरेलु हिंसामा पीडकलाई कारबाहीको माग गर्दै बाँकेका



महिला अधिकारकर्मी र पीडित परिवार सिंहदरबारको यात्रामा छन्। उन्नाइसौं दिनको यात्रामा धादिङको गल्छीबाट २०७८ असोज १९ गते काठमाडौंतर्फ लागेका अधिकारकर्मीले घरेलु हिंसामा परी एक महिलाको हत्या भएकोले पीडित पक्षलाई न्याय र आरोपीलाई कारबाहीका लागि दबाब दिन पैदलयात्रामा रहेको बताएका छन्।

बाँके जिल्ला जानकी गाउँपालिका–२ की ३८ वर्षीया ननपुन्नी धोबीको गत साउन ५ गते राति घरेलु हिंसाका कारण हत्या भएको मृतकको माइती पक्षको आरोप छ। बाँके जिल्ला प्रहरी कार्यालयले भने झुन्डिएर आत्महत्या गरेको हुँदा अनुसन्धानबाट घरेलु हिंसा भएको देखिए आत्महत्या दुरुत्साहन अन्तर्गत कारबाही गर्नुपर्ने बताएको थियो। महिलाको माग र १९ दिनसम्मको धर्नाका कारण पीडित पक्षले कर्तव्य ज्यान मुद्दा अन्तर्गत जाहेरी ल्याएका कारण पीडित पक्षको माग बमोजिम मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको जनाइएको थियो।

यसैगरी नेपालगंज उपमहानगरपालिका–१७ की ५० वर्षीया निर्मला खातुनको अपहरणपछि बेपत्ता पारिएकोले अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ। लामो समय अघिदेखि निर्मला हराएकोले उनको जग्गा जमीनसमेत सरकारलाई हस्तान्तरण गर्नुपर्नेमा व्यक्तिको नाममा दर्ता गराइएको कारण घटना रहस्यमय भएकोले अनुसन्धान गरी दोषीमाथि कारबाही गर्नुपर्नेमा जिल्लामा प्रहरीले चासो नदिएको आरोप लगाउँदै पीडित पक्ष र महिला अधिकारकर्मीसमेत सिंहदरबार पुगेर माग सम्बोधन गराउन पैदल यात्रामा आएको महिला अधिकारकर्मी रूबी खानले बताइन्।

अपहरणसम्बन्धी मुद्दा जिल्ला प्रहरी कार्यालयमा २०७७ मङ्सिर १६ गते दर्ता गराइएको थियो। मुद्दा दर्ता गरेर घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको बाँके जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीको भनाइ थियो।

पैदल यात्रामा ११ महिला र तीन पुरुष सहभागी छन्। उन्नाइस दिनदेखि हिँडेका कारण खुट्टा सुन्निएको तथा लामो यात्राको क्रममा पीडित परिवार र अधिकारकर्मीलाई पैदल यात्रामा सकस भएको देखिन्छ। महिलामाथि भएका हिंसाका घटनामा प्रहरीले जाहेरी दर्ता नगर्ने, महिला नै जाहेरी दर्ता गराउन जाँदा अभद्र व्यवहार गर्ने गरिएकोले मानव अधिकार संरक्षण र सुरक्षाका लागि सिंहदरबार गुहार्न जान लागिएको महिला अधिकारकर्मी खानको भनाइ थियो।

# हेटौंडा बजार अनुगमन गर्दा तीनवटा पसल कारबाईमा

प्रस, मकवानपुर, १९ असोज/

हेटौंडामा बजार अनुगमनको क्रममा तीनवटा पसल सञ्चालक कारबाहीमा परेका छन्। संयुक्त बजार अनुगमन टोलीले बजार अनुगमनको क्रममा उपभोक्ता हितविपरीत काम गर्ने पसल सञ्चालकलाई कारबाही गरेको जनाएको छ।

कारबाहीमा परेका तीनवटा पसलबाट ४० हजार रुपैयाँ जरिवाना असुल गरिएको र एउटा औषधिपसलमा तालाबन्दी गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ। नजीकिँदै गरेको दशैं, तिहार, छठलगायत चाडपर्वलाई लक्षित गरेर मकवानपुरमा असोज ११ गतेदेखि नै सहायक प्रमुख जिल्ला अधिकारी नेतृत्वको टोलीले बजार अनुगमन गरिरहेको छ।

अनुगमन टोलीले ५७ वटा खाद्यान्न तथा किराना पसल, २७ वटा होटल तथा रेस्टुरेन्ट र ११ वटा औषधिपसलको अनुगमन गरिसकेको र बाँकी पसलको अनुगमन जारी रहेको जिप्रका मकवानपुरले जनाएको छ।


कारबाहीमा परेकामध्ये खरीद बिल पेश नगरेको एउटा खाद्यान्न तथा किराना पसललाई जनही रु १५ हजार जरिवाना गरिएको छ। त्यसैगरी, मूल्यसूची नराखेको र सरसफाइमा समेत ध्यान नदिएकोले एउटा होटललाई १० हजार रुपैयाँ र फार्मिस्ट नराखी औषधि बिक्री गर्ने औषधिपसलमा ताला लगाउनुका साथै एउटा औषधिपसललाई १५ हजार रुपैयाँ जरिवाना गरिएको टोलीमा सहभागी प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपानेले जानकारी दिए।

अनुगमन टोलीले व्यवसायीलाई मूल्यसूची प्रस्ट देखिने ठाउँमा राख्न, सरसफाइ गर्न, ग्राहकलाई बिल दिन, मास्क लगाउन तथा भीडभाड नगरी वस्तु तथा सेवा बिक्री गर्न सुझाव दिएको उनले बताए।

# खोपकेको अध्यक्षमा चन्द्रकिशोर

काठमाडौं, १९ असोज/रासस

खोज पत्रकारिता केन्द्र (खोपके) को अध्यक्षमा पत्रकार चन्द्रकिशोर झा सर्वसम्मत चयन भएका छन्। खोपकेको आज सम्पन्न साधारणसभाले चन्द्रकिशोरको अध्यक्षतामा सर्वसम्मत कार्यसमिति चयन गरेको हो।



संस्थाको उपाध्यक्ष पत्रकार निर्मला शर्मा, महासचिव रामजी दाहाल र कोषाध्यक्ष रामेश्वर बोहरालाई चयन गरिएको छ।

त्यसैगरी थप दुई सदस्य पछि मनोनयन गर्नेगरी पत्रकार हरिबहादुर थापा, लक्ष्मी बस्नेत र राजाराम गौतमलाई सदस्य चयन गरिएको छ।



वीरगंज भन्सार कार्यालयको पश्चिमपट्टिको गोदाममा निर्माण भइरहेको होल्डिङ सेन्टर। भारतको रक्सौलबाट प्रवेश गर्नेहरूलाई क्वारेन्टाइनमा राख्न गत असार २५ गतेदेखि शुरू भएको निर्माण कार्य हालसम्म ५५ प्रतिशत पूरा भइसकेको ठेकेदार कम्पनी हनुमान कन्स्ट्रक्शनले जनाएको छ। तस्वीरः तिवारी यादव

# "नो मास्क, नो सर्भिस"

राजविराज, १९ असोज/रासस

कोरोना सङ्क्रमणको जोखिमलाई दृष्टिगत गर्दै राजविराजमा मास्क प्रयोग सुनिश्चितता शुभारम्भ गरिएको छ। प्रदेश–२ सरकारका सामाजिक विकास मन्त्रालय तथा युनिसेफ र लाइफ नेपाल धनुषाका सहयोगमा यहाँस्थित गजेन्द्र चोकमा आजदेखि सो अभियान शुरू गरिएको हो।



कार्यक्रममा 'नो मास्क, नो सर्भिस, नो मास्क, नो टक, नो मास्क इन्ट्री' नाराका साथ प्रदेश सरकारले कोरोनाबाट जोगाउन नागरिकलाई मास्क वितरण गर्न लागिएको जानकारी दिएको थियो।

प्रदेश सरकारका सामाजिक विकासमन्त्री नवलकिशोर साहले कोरोना महामारीबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न आग्रह गरे।

उनले गरीब जनताका लागि प्रदेश सरकारले निशुल्क मास्क उपलब्ध गराउने जानकारी दिए। प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले दशैं, तिहार तथा छठ पर्वमा भीडभाड कमी गर्न र टोलटोलमा मास्क प्रयोगबारे अभियान जारी राख्न आग्रह गरे।

जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिका नगरप्रमुख शम्भु यादव, प्रदेश नं २ निर्देशनालय स्वास्थ्य निर्देशक विजयकुमार झा, नागरिक समाजका थानसिंह भन्साली, प्रमुख साधना झा, नेपाल रेडक्रस सोसाइटी अध्यक्ष जोगेन्द्र भगत र सुरक्षा निकाय सप्तरी, यूथ नेपाल, सबल नेपाल, युनिसेफलगायत विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो। यसैगरी 'तपाईंको मास्क खै ?' भन्दै उनीहरूले निशुल्क मास्क वितरणसमेत गरेका थिए।

# तुलसी प्रकृति अनुकूल औषधि

**सबै प्रकारका ज्वरोमा उपयोगी**

'भारतवर्षको अनेक भागमा मलेरियाको प्रकोप विशेषरूपले पाइन्छ। यो रोग वर्षा ऋतुपछि लामखुट्टेले टोक्दा फैलन्छ। तुलसीको बिरुवामा लामखुट्टे भगाउने गुण र त्यसको पात सेवन गर्दा मलेरियाको दूषित तत्त्व हट्छ। त्यसैले हामीकहाँ ज्वरो आएमा तुलसी र मरिचको काँडा बनाएर पिउनु सबैभन्दा सरल र सुलभ उपचार मानिन्छ। डाक्टरहरू त्यतिका लागि 'कुनैन' प्रयोग गर्छन्, तर कुनैन यति उष्मा प्रदायक हुन्छ, त्यसको प्रयोगले बिमारी निको भएपछि पनि अनेकौंपटक छुट्टै उपद्रो देखिन्छ। त्यसले मुख सुक्ने, गर्मीले टाउको रिङाउने, कानमा साइँसाइँ हुनेजस्तो दोष उत्पन्न हुन्छ। यस्ता समस्या हटाउन दूध, सुन्तला आदिको रस प्रयोग गर्नुपर्ने हुन्छ, जुन सामान्य मानिसका लागि दुर्लभ नै मान्नुपर्छ। त्यस्तो रोग लागेमा वैद्यक ग्रन्थहरूमा निम्न उपाय गर्ने भनिएको छ–

१. रूघाका कारण हुने ज्वरोमा तुलसीपत्रको रस सेवन गर्नुपर्छ।

२. तुलसीको हरियो पत्ता ५८ ग्राम, मरिच दाना २९ ग्राम दुवैलाई मसिनो पारेर जङ्गली बैरजत्रो गोली बनाएर सुकाउने। दुई–दुई गोली तीन–तीन घण्टाको अन्तरमा दिंदा मलेरिया निको हुन्छ।

३. तुलसीको ११ वटा पत्ता, मरिच ९, ज्वानो २ ग्राम, सुठो ३ ग्राम मसिनो हुनेगरी पिनेर ५८ ग्राम पानीमा मिसाउने। एक कचौरा माटोको प्याला आगोमा राम्ररी तताएर यो झोल त्यसमा हाल्ने र त्यसबाट निस्केको भाप रोगीको शरीरमा लगाउने। भाप निस्कन बन्द भएर झोल जब मनतातो हुन्छ, त्यसमा बिरे नून हालेर रोगीलाई ख्वाउनुपर्छ। यसले सबै प्रकारको ज्वरोको छिटै शमन हुन्छ।

४. तुलसीको पात ७, बेलको पात ३, पारिजातको एउटा पात, मरिच ३ दाना यी सबैलाई २९ ग्राम पानीमा पिनेर पिउँदा नित्य आइरहने ज्वरो निको हुन्छ।

५. तुलसीको पातको रस, गुर्जोको रस, नीमको कोपिलाको रस छ–छ ग्राम, पीपलको धूलो २ ग्राम महमा मिसाएर खाने हो भने जीर्ण ज्वरो पनि निको हुन्छ।

६. पुदिना र तुलसीको पातको रस ११.६६ ग्राम मिसाएर त्यसमा तीन ग्राम मिठा मिसाएर सेव गर्दा मन्दज्वरमा निकै लाभ हुन्छ।


७. शीत ज्वरोमा तुलसीको पात, पुदिना र अदुवा तीनै ५.८३ ग्रामको दरले काँडा बनाएर पिउनु उत्तम हुन्छ।

**जीवेम शरदः शतम्**

८. तुलसीको पात र कालो सहजन (मुन्गा)को पात मिसाएर पिन्ने। त्यो चूर्ण मनतातो पानीका साथ सेवन गर्दा विषम ज्वरो भाग्छ।

**तुलसीको बिरुवामा लामखुट्टे भगाउने गुण र त्यसको पात सेवन गर्दा मलेरियाको दूषित तत्त्व हट्छ। त्यसैले हामीकहाँ ज्वरो आएमा तुलसी र मरिचको काँडा बनाएर पिउनु सबैभन्दा सरल र सुलभ उपचार मानिन्छ।**

९. मन्द ज्वरोमा तुलसीको पात ५.८३ ग्राम, कालो दाख १० दाना, मरिच १ ग्राम, पुदिना १ ग्राम मिसाएर ठण्डईजस्तो बनाएर मिश्री मिलाई पिउँदा लाभ हुन्छ।



१०. विषम र पुरानो ज्वरोमा तुलसीपत्रको रस ११.६६ ग्राम मिलाएर निरन्तर सेवन गर्दा पनि लाभ प्राप्त हुन्छ।

११. तुलसीको पात एक तोला, मरिच ११.६६ ग्राम, करैलाको पत्ता ११.६६ ग्राम, कुटकी ४६.६५ ग्रामलाई खलमा पिनेर केराउजत्रो गोली बनाई छायामा सुकाएर ज्वरो आउनु अघि र साँझपख दुई–दुई गोली चीसो पानीसँग खाँदा कामज्वरो निको हुन्छ। मलेरियाको मौसममा यदि स्वस्थ व्यक्ति पनि एक गोली बिहान र बेलुका लिने गर्दछ भने ज्वरो लाग्दैन। तर यसरी बनाएको गोली दुई महीनाभन्दा बढी समय राख्न सकिन्न।

१२. तुलसीको पात्र र सूरजमुखीको पात पिनेर छानी पिउँदा सबै प्रकारको ज्वरोमा लाभ पुग्छ।

१३. कफजन्य ज्वरोमा तुलसीपत्र, नागरमोथा र सुठो बराबर मिसाएर काँडा बनाई सेवन गर्नुपर्छ।

१४. सधैं रहने ज्वरोमा दुई सानो पीपल (औषधियुक्त एउटा लता) पिनेर तुलसीको रस र मह मिसाएर मनतातो पारी चाट्नुपर्छ।

१५. तुलसीको पात र नीम रस बराबर मात्रामा लिएर थोरै मरिचका साथ मनतातो पानीसँग पिउँदा असोज महीनामा बालीबाट सर्ने रोग हुँदैन।

१६. सामान्य थकाइ तथा ज्वरोमा तुलसीको केही पातको काँडा बनाएर चियाजस्तै दूध र मिश्री हालेर पिउँदा लाभ हुन्छ। अचेल त चियाको साटो तुलसीको चिया खाने चलन पनि धेरै ठाउँमा देखिन्छ।

**रूघा–खोकी तथा दमा**

भारतवर्षका चिकित्सकहरूले प्राचीनकालदेखि रूघाखोकीमा तुलसीको प्रयोग गर्दै आएका छन्। चरक संहिता (चिकित्सा–स्थान अ. ५८.७८) का अनुसार खोकीमा सानो माहुरीको महका साथ तुलसीको रस विशेष लाभदायक हुन्छ। 'चरक' मा पनि यही भनिएको छ कि दमा बिसेक पार्ने प्रमुख औषधिहरूमध्ये तुलसी पनि एक हो।

१. सामान्य खोकीमा तुलसीको पात र अडूसाको पातको रस बराबर मात्रामा मिसाएर सेवन गर्दा शीघ्र लाभ हुन्छ।

२. तुलसीको बीउ गुर्जो, सुठो, कटेरीको जरा समान भाग पिनेर छानेर आधा माशा चूर्ण महका साथ खाँदा लाभ हुन्छ।

३. लहरे खोकीमा तुलसीको मञ्जरी र अदुवा बराबर मात्रामा पिंधेर महसँग चाट्दा लाभ हुन्छ।

४. तुलसीको मञ्जरी, बच पीपल मुलहठी ५.८३ ग्राम र मिश्री २३.३२ ग्राम ७३३ ग्राम पानीमा राम्ररी उमालौं। आधा बाँकी भएपछि छानेर राखौं। यसलाई ५८–५८ ग्राम दिनमा पटकपटक सेवन गर्दा लहरे खोकीमा लाभ हुन्छ।

५. सानो बच्चालाई खोकी लागेको छ भने तुलसीको पात ५०० मिलिग्राम तथा काँकडा सिन्धी र अतीस २५०–२५० ग्राम महमा मिसाएर आमाको दूधसँग दिंदा फाइदा हुन्छ।

६. **दमको बिमारीमा**–तुलसीको पञ्चाङ्ग भाङ, अडूसाको पात, आकको पहेंलो पात, सेंहडको हाँगा बराबर मात्रामा लिएर मसिनो पार्ने। यसमा अलिकति साँभर नून मिसाएर माटोको भाँडोमा कपरमाटो गरी बन्द गरेर जङ्गली कन्डा बालेर तताऔं। ठण्ढा भएपछि त्यसलाई पिनेर छानौं। यसमा २५० मिलीग्रामदेखि ५०० मिली ग्राम महका साथ रोगीलाई चाट्न दिंदा लाभ हुन्छ।

७. तुलसीको पातको रस, मह, अदुवाको रस र प्याजको रस बराबर मिसाएर चाट्दा सुकेको कफ हरियो हुन्छ र खकार निस्कन थाल्छ।

८. तुलसीको रस र मुलहठीको सत मिसाएर चाट्दा खोकी निको हुन्छ।

९. तुलसी र कसोंदी रस मिलाएर सेवन गर्दा खोकी निको हुन्छ।

१०. चार–पाँचवटा ल्वाङ भुटेर तुलसी पातका साथ लिंदा सबै प्रकारको खोकीमा लाभ हुन्छ।

११. सुखा खोकीले घाँटी बसेको छ भने तुलसीपत्र खसखस (पोस्त दाना) तथा मुलहठी पिनेर समान भाग मिठासँग मनतातोमा खानुपर्छ।


१२. तुलसीपत्र ५.८२ ग्राम, गहुँको चोकर एक तोला, मुलहठी ५.८२ ग्राम र २३३ ग्राम पानीमा पकाएर आधा बाँकी रहेपछि छानेर मिठा मिसाएर पिउँदा शीघ्र लाभ हुन्छ।

१३. तुलसीको पात, बेसार र मरिचको दूध हालेर बनाएको काँडाले पनि रूघा र थकानमा फाइदा पुऱ्याउँछ।

# सामुदायिक विद्यालय हुनु त यस्तो पो !

दार्चुला, १९ असोज/रासस

पछिल्लो समय खलङ्गास्थित महेन्द्र नमूना माध्यमिक विद्यालय विद्यार्थीको पहिलो रोजाइमा परेको छ। जिल्ला सदरमुकामस्थित सो विद्यालयमा आफ्ना छोराछोरी भर्ना गराउन अभिभावकलाई



हम्मेहम्मे पर्न थालेको छ। अब्बल शैक्षिक गुणस्तर कायम राख्न सकेकै कारण विद्यालयमा विद्यार्थी आकर्षित भएका जनाइएको छ।

जिल्लाका अन्य पालिकाबाट विद्यालयमा पढ्न आउने विद्यार्थी घट्नुको साटो झन् बढेको छ। सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले समेत सो विद्यालय छनोट गरेको छ।

सदरमुकाम खलङ्गामैं दर्जनौं संस्थागत तथा सामुदायिक विद्यालय भए पनि नमूना माविमा भर्ना गर्न सके अभिभावक पनि खुशी हुन्छन्। सामुदायिक विद्यालय भए पनि विद्यालयले शिशु कक्षादेखि कक्षा १० सम्म अङ्ग्रेजी माध्यममा पढाइ सञ्चालन गरेको छ।

विद्यालयले २०७४ सालदेखि अङ्ग्रेजी माध्यमबाट पढाइ शुरू गरेको हो। संस्थागत विद्यालयकै जस्तै विद्यार्थी आकर्षण गर्ने टाइसहित पोशाक र शैक्षिक विकास गर्ने अन्य गतिविधि यो विद्यालयले गर्नेगर्छ। अङ्ग्रेजी माध्यमबाट पढाइ शुरू गरेपछि विद्यार्थीको भीड लागेको छ। चालू शैक्षिक सत्रमा विद्यालयमा आधारभूत तहमा २५८, कक्षा ६ देखि कक्षा ८ सम्म ६१७, कक्षा ९ देखि कक्षा १० सम्म ५९३ र कक्षा ११ र १२ मा ७८१ भर्ना भएका छन्। यसैगरी विद्यालयले २०७५ बाट शुरू गरेको डिप्लोमा इन सिभिल इन्जिनीयरिङतर्फ १०४ गरी दुई हजार ४४७ विद्यार्थी भर्ना भइसकेको विद्यालयका प्रधानाध्यापक रामदत्त जोशीले बताए।

अझै पोस्ट–डिप्लोमा अन्तर्गत भर्ना प्रक्रिया चलिरहेको छ। विद्यार्थीको चाप बढ्दै गएको छ। उनले भने–"सरकारी दरबन्दी विद्यालयमा न्यून छ। हामीसँग १८ शिक्षक र सात कर्मचारी मात्रै सरकारी दरबन्दीका छन्। विद्यालयमा विद्यार्थीको चाप बढ्दै गएपछि हरेक कक्षामा सेक्सन बनाएर चलाउनुपरेको छ। ६८ शिक्षक कार्यरत छन्।" विद्यालयका अनुसार कक्षा ११ र १२ मा सात–सात सेक्सनमा पढाइ शुरू गरिएको छ।

कक्षा १० मा पाँच, कक्षा ९ मा ६, कक्षा ८ मा ४, कक्षा ७ मा ४ र कक्षा ६ मा ३ सेक्सन छन्। प्रअ जोशीले भने–"हाम्रो शिक्षक अनुपातले धान्ने जनशक्तिले ५०० भन्दा बढी विद्यार्थी धान्न सक्ने अवस्था छैन।"

विद्यालयमा विज्ञान, वाणिज्य र शिक्षा सङ्कायमा पढाइ भइरहेको छ। सरकारले २०६२ सालमा विद्यालयलाई नमूना विद्यालय घोषणा गरेको थियो। जिल्लाकै उत्कृष्ट शिक्षण सिकाइ भएको तथा भौतिक पूर्वाधार व्यवस्थापन, शैक्षिक व्यवस्थापनमा विद्यालय अब्बल बन्दै आएको छ। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख जयराज पन्त महेन्द्र नमूना मावि जिल्लाकाभरिका अभिभावकको भरोसा बनेको जनाउँदै गुणस्तरमा निरन्तरता राख्नुपर्ने सुझाव दिन्छन्।

सो विद्यालयमा ९ वटै स्थानीय तहका विद्यार्थी पढ्छन्। उनले भने–"अहिले विद्यालयको उचाइ जुन गतिमा पुगेको छ, त्यो निरन्तर राख्न सक्नुपर्छ।" विद्यालयका प्रअ जोशीले विद्यालयले शैक्षिक गुणस्तर कायम राख्न निरन्तर अभिभावकसँग सुझाव–सल्लाहदेखि अध्यापनको शैलीमा विशेष ध्यान दिएको जानकारी दिए।

उनले भने–"शिक्षकलाई पनि अपडेट राख्न सबै शिक्षकलाई ल्यापटप दिने तयारी गरेका छौं। अभिभावकलगायत सबै क्षेत्रको सहयोग पाएकै कारण विद्यालयले क्षमताभन्दा बढी विद्यार्थीको व्यवस्थापन गर्न सकेका हौं"–उनले भने–"विद्यालय राम्रो बनाउनुपर्छ भनेर अभिभावक र जनप्रतिनिधिको पनि साथ छ।"

विद्यालयले चालू आर्थिक वर्षदेखि भारतीय राजदूतावासको सहयोगमा विद्यालय बस सञ्चालनमा ल्याएको प्रअ जोशीले जानकारी दिए।

# विद्यालय कर्मचारीद्वारा नगरप्रमुखलाई ज्ञापन

प्रस, कलैया, १९ असोज/

कलैया उपमहानगरपालिका अन्तर्गतका विद्यालय कर्मचारी, कार्यालय



तस्वीरः प्रतीक

सहयोगी तथा लेखापालहरूले मङ्गलवार तलब वृद्धिको माग गर्दै नगरप्रमुख राजेशराय यादवलाई ज्ञापनपत्र बुझाएका छन्। सरकारले आव २०७८/७९ को बजेटमार्फत बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको मासिक न्यूनतम पारिश्रमिक रु १५ हजार पुऱ्याए पनि सरकारले रु ८ हजार र बाँकी रु ७ हजार स्थानीय तहले बेहोर्ने व्यवस्था मिलाउने भनी सरकारले सोको लागि रु ५ अर्ब ५५ करोड विनियोजन गरिसकेको तर स्थानीय तहले भने सोबापतको तलब नबढाएको भन्दै नगरप्रमुख यादवलाई ज्ञापनपत्रको माध्यमबाट ध्यानाकर्षण गराइएको विद्यालय कर्मचारी सङ्घर्ष समिति कलैयाका अध्यक्ष देवकुमार साहले बताए। पारिश्रमिक कम्तीमा रु २० हजार ५ सयमा नघट्ने गरी व्यवस्थापन गर्न नगरप्रमुखसँग माग राखिएको उनले बताए। यसका साथै बीमाको व्यवस्था तथा लेखापाललाई एक हप्ते तालीम दिने व्यवस्था गर्न सुझाएको उनले बताए।

ज्ञापनपत्र बुझ्दै नगरप्रमुख यादवले विद्यालय कर्मचारीको लागि सक्दो तलब सुविधाको व्यवस्थापन गरिने आश्वासन दिएका थिए।

# पत्रकार राउतको ब्रेन ट्युमरको शल्यक्रिया

प्रस, गरुडा, १९ असोज/

रौतहटका पत्रकार रामपुकार राउतको ब्रेन ट्युमरको शल्यक्रिया दिल्लीमा गरिएको छ।

केही वर्षदेखि टाउको दुख्ने समस्याले ग्रसित पत्रकार राउतलाई उपचारको क्रममा ब्रेन ट्युमर भएको देखिएको थियो।

नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सदस्यसमेत रहेका पत्रकार राउतको ब्रेन ट्युमरको शल्यक्रिया दिल्लीस्थित एम्स अस्पतालमा गरिएको छ। मङ्गलवार गरिएको शल्यक्रिया सफल भएको पारिवारिक स्रोतले जनाएको छ।



# यी स्थानमा वर्षा हुन्छ

काठमाडौं, १९ असोज/रासस

अहिले भारतको बिहार तथा आसाममा अवस्थित न्यून चापीय क्षेत्रको प्रभाव नेपालमा पनि परेको छ। सोही मौसमी प्रणालीका कारण नेपालमा बदली र वर्षा गराएको हो।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सामान्य बदली रही अन्य प्रदेशमा आंशिक बदली रहेको छ। गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा हल्का वर्षा भइरहेको छ। राजधानी काठमाडौं उपत्यकामा बिहान सामान्य बदली रहे पनि दिउँसो पारिलो घाम लागेको थियो। मध्याह्नपछि बदली र वर्षा भएको थियो।

महाशाखाले जारी गरेको आगामी तीन दिनको मौसम पूर्वानुमान अनुसार दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही कर्णाली र सुदूरपश्चिम



तस्वीरः फाइल

प्रदेशका एक/दुई स्थानमा र बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको भएको छ। रातिको समयमा पनि सोही मौसमी प्रणाली कायम रहनेछ।

बुधवार देशभर आंशिकदेखि सामान्य बदली रही कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा र बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। बिहीवार पनि देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## अस्ट्रेलियाले २०२२ सम्म बाह्य पर्यटक नभित्र्याउने

क्यानबेरा (अस्ट्रेलिया), १९ असोज/एपी

अस्ट्रेलियाले अर्को वर्ष (२०२२) सम्म बाह्य पर्यटकहरूलाई नभित्र्याउने भएको छ । प्रधानमन्त्री स्कट मोरिसनले


प्रधानमन्त्री स्कट मोरिसन। तस्वीरः एपी

मङ्गलवार बताए अनुसार कुशल आप्रवासीहरू र विद्यार्थीहरूलाई अस्ट्रेलिया प्रवेशमा भने उच्च प्राथमिकता दिइनेछ। अस्ट्रेलियाले आजसम्म १६ वर्ष माथिका ८० प्रतिशत जनतालाई कोभिडविरुद्धको दोस्रो मात्राको खोप लगाइसक्ने जनाएको छ।

गत हप्ता प्रधानमन्त्री मोरिसनले खोपलगायतका नागरिक र स्थायी बासिन्दाहरूलाई पहिलोपटक नोभेम्बरबाट विदेश उडान गर्न अनुमति दिने योजना सार्वजनिक गरेका थिए। गत वर्ष मार्चमा लिइएको सीमा प्रतिबन्धको निर्णयपछिको यो सीमा खुकुलो बनाउने पहिलो र महत्त्वपूर्ण निर्णय थियो । यसैबीच, प्रधानमन्त्री मोरिसनले मङ्गलवार अस्ट्रेलियालीहरूपछि स्वदेश प्रवेशको अबको प्राथमिकता बाह्य पर्यटकहरूभन्दा कुशल आप्रवासी र अन्तर्राष्ट्रिय विद्यार्थीहरू हुने बताएका छन्।

अन्य देशहरूबाट अस्ट्रेलिया प्रवेश गर्नेहरूको सङ्ख्या दोस्रो विश्वयुद्धपछि सबैभन्दा कम कोभिड महामारी र यसबाट सिर्जित प्रतिबन्धका कारण भएको हो । कोभिड महामारीले अस्ट्रेलियाली विश्वविद्यालयहरूमा अत्यन्तै नकारात्मक असर पारेको छ। किनकि यहाँका प्रायः विश्वविद्यालयहरू विदेशी विद्यार्थीले तिर्ने शुल्कमा निर्भर हुने गर्दछन्। जारी सीमा प्रतिबन्ध निरन्तर रहँदा अन्तर्राष्ट्रिय विद्यार्थी अन्य मुलुकमा जान सक्ने डरले यहाँका विश्वविद्यालयहरू चिन्तित देखिन्छन्।

प्रधानमन्त्री मोरिसनले सेभेन नेटवर्क टेलिभिजनलाई भने, "अर्को प्राथमिकता कुशल आप्रवासी हुन्, जो देशका लागि धेरै महत्त्वपूर्ण छन् र जसले पूर्ण खोप पनि लगाएका छन् । साथसाथै अस्ट्रेलियामा अध्ययन गर्न आउने र अध्ययनपश्चत् फर्किने विद्यार्थी पनि त्यत्तिकै महत्त्वपूर्ण छन्।" अस्ट्रेलियाली पर्यटन परिषद् जसले एक क्षेत्रको प्रतिनिधित्व गर्दछ, त्यसले महामारीभन्दा पहिले अन्तर्राष्ट्रिय पर्यटकहरूबाट मात्र एक वर्षमा ४५ अर्ब अस्ट्रेलियाली डलर कमाएको थियो । यस परिषद्ले मार्चसम्ममा सीमा प्रतिबन्ध हट्ने र बाह्य पर्यटकको आवागमनमा सहजता आउने अपेक्षा गरेको छ । अस्ट्रेलियाले कोभिडविरुद्धको खोप अभियानलाई तीव्र बनाइरहेको छ तर पनि सङ्कट भने नियन्त्रणमा आइसकेको छैन। रासस

## मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमाथि समीक्षा

प्रस, जनकपुरधाम, १९ असोज/

मानव अधिकारसम्बन्धी विश्वव्यापी



मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र माथिको आवधिक समीक्षा कार्यक्रमका सहभागीहरू।

घोषणापत्र माथिको आवधिक समीक्षा जनकपुरधाममा मङ्गलवार सम्पन्न भयो।

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित कार्यक्रमको उद्घाटन प्रदेश नं २ का सभामुख सरोज यादवले गरेका थिए। सो क्रममा सभामुख यादवले मानव अधिकारको सवालमा पछिल्लो समयमा नेपालमा प्रगति भएपनि अझै धेरै काम गर्न बाँकी रहेको बताए ।

मानव अधिकारको रक्षाका लागि नेपालको संविधानमा उल्लेख रहेका मौलिक हकहरूको कार्यान्वयन गर्न राज्य पक्ष गम्भीर हुन जरुरी रहेको उनको भनाइ थियो । मौलिक हकमा भएका कतिपय प्रावधान अहिले कार्यान्वयन नभएको भन्दै सभामुख यादवले प्रदेश सरकारले पनि विभिन्न अधिकारको विषयमा कानून निर्माणलाई उच्च प्राथमिकतामा राखेको जानकारी गराए।

मधेसी, आदिवासी तथा जनजातिका मुद्दाहरू मानव अधिकारका विषय भएकाले यसको सम्बोधनका लागि राज्यपक्ष संवेदनशील हुनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा प्रदेशसभा सदस्यहरू रामाशिष यादव, शारदादेवी थापा र शोभा लामाले मन्तव्य व्यक्त गरेका थिए।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा मिहिर ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश नं २ का प्रहरी प्रमुख तथा प्रहरी नायब महानिरीक्षक उमेश रञ्जीतकार, सशस्त्र प्रहरीका नायब महानिरीक्षक गणेश धारामगर, धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलालगायतको सहभागिता थियो ।

कार्यक्रममा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षामा नेपालमा समग्र मानव अधिकारको अवस्था, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, दलित, मुस्लिमको अधिकारका विषयमा गहन छलफल भएको थियो ।

## इजरायली राष्ट्रपति इसहाक बाबी यार नरसंहारको वार्षिकोत्सवमा भाग लिन प्रस्थान

जेरुसेलम, १९ असोज/एपी

इजरायली राष्ट्रपति इसहाक हर्जोग मङ्गलवार युक्रेनको बाबी यार नरसंहारको ८०औं वार्षिकोत्सवको अवसरमा आयोजित एक कार्यक्रममा भाग लिन त्यसतर्फ प्रस्थान गरेका छन्।

उक्त नरसंहार यहुदीको सबैभन्दा ठूलो सामूहिक हत्यामध्ये एक हो।

नाजीद्वारा सन् १९४१ सेप्टेम्बर २९ र ३० मा घटाइएको उक्त घटनामा ३३,००० भन्दा बढी मानिस मारिएका थिए। त्यसमा अधिकांश यहुदी थिए।

गत जुलाईमा राष्ट्रपति पद सम्हालेका हर्जोगको यो पहिलो राजकीय भ्रमण हो। यद्यपि उनी छिमेकी जोर्डन राजा अब्दुल्लाह द्वितीयसँग वार्ताका लागि भने त्यसतर्फ गएका थिए। न्याभिन (खोला) जसलाई बाबिन यार पनि भनिन्छ, त्यहाँ ३३,००० जनालाई सामूहिक मृत्युदण्ड दिइएको थियो । मृत्युदण्डको बीभत्स दृश्यस्थलका रूपमा परिचित त्यस स्थलमा यहुदी, रोमा र सोभियत युद्ध कैदीसहित १००,००० मानिस मारिएका थिए।

युक्रेनी राष्ट्रपति भोलोडिमिर


इजरायली राष्ट्रपति इसहाक हर्जोग। तस्वीरः एपी

जेलेन्स्की, जो यहुदी वंशका हुन्, उनले हर्जोगलाई उक्त समारोहमा आमन्त्रित गरेका थिए । गत हप्ता बाबी यारको भ्रमणको क्रममा उनले त्यहाँको त्रासदी कहिल्यै दोहोरिनुहुँदैन भनेका थिए।

उनले भनेका थिए यस्तो त्रासदी युक्रेनमा छैन। युरोपमा कहीं पनि छैन। संसारमा कहीं छैन। रासस

## खैरो हेरोइन र लागूऔषधसहित पाँचजना पक्राउ

प्रस, वीरगंज, १९ असोज/

बारा प्रहरीले लागूऔषध गाँजा, खैरो हेरोइन तथा ड्रग्स ओसारपसारको आरोपमा पाँचजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा निजगढ नपा–७ का २९ वर्षीय लोकबहादुर रानामगर, सोही वडाका ३१ वर्षीय रवि तामाङ, वडा नं ६ का ३४ वर्षीय दिनेश थापा र मेघनाथ तिमिल्सिना रहेका छन् भने अर्का जीतपुरसिमरा उपमहानगरपालिका वडा नं २० बस्डिल्वाका इसराइल मियाँ अन्सारी रहेका छन्।

मियाँ ११ किलो गाँजासहित पक्राउ परेका हुन् भने निजगढका चारजना खैरो होरोइन तथा लागूऔषध ट्याब बरामद भएपछि पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक गौतम मिश्रका अनुसार प्रहरी टोलीले सुराकीको आधारमा मियाँको घरबाट ११ किलो गाँजा उनको खाटमुनिको बाल्टिनमा कालो झोलामा लुकाइराखेको अवस्थामा बरामद गरेको थियो भने निजगढ नपा–७ का लोकबहादुर


खैरो होरोइन तथा लागूऔषध ट्याबसहित पक्राउ परेका चारैजनालाई सार्वजनिक गर्दै प्रहरी। तस्वीर सौजन्य : जिप्रका बारा

रानामगरको घरबाट १.२० ग्राम खैरो हेराइनसहित २८/२८ थान डाइजेपाम, नुर्फिन र फेनारगन बरामद भएको थियो।

मियाँको घरमा गएराति पौने ११ बजे छापा मारिएको थियो भने निजगढको रानामगरको घरमा हिजो साँझ ६ बजे छापा मारिएको बारा प्रहरीले बताएको छ।


गाँजासहित पक्राउ परेका मियाँ। तस्वीर सौजन्य : जिप्रका बारा

## गर्दौलमा आगलागीबाट क्षति

सञ्जीव मिश्र, विन्ध्यवासिनी, १९ असोज/

विन्ध्यवासिनी गाउँपालिका–२ गर्दौलमा गएराति आगलागी भएर चौपाया घाइते भएको र करीब तीन लाख मूल्यको क्षति पुगेको छ।

सोमवार राति १२ बजेतिर लामखुट्टे धपाउन गोठमा घुर बालेको र त्यहींबाट आगलागी भएर सँगै रहेको भोला राउत यादवको घरसमेत जलेर नष्ट भएको स्थानीयले बताए ।

आगलागी भएको तीन घण्टापछि स्थानीयको प्रयासमा नियन्त्रणमा आएपछि भैंसी, पाडी, बाख्री, खसी तथा चापाकल जडानका लागि राखिएका प्लास्टिकको पाइप, अन्न र लत्ताकपडासहित करीब तीन लाख मूल्यको क्षति भएको यादवले बताए ।

## सयभन्दा बढी सङ्गीतकारले अफगानिस्तान छाडे

सिडनी, असोज १९/एएफपी

तालिबानले देश कब्जा गरेपछि


तस्वीरः फाइल

काबुलबाट एक सयभन्दा बढी सङ्गीतका विद्यार्थी र शिक्षकहरूले अफगानिस्तान छाडेका छन् । अफगानिस्तानको शीर्ष म्युजिकल इन्स्टिच्युटका १०१ सदस्यहरू सोमवार साँझ दोहा आइपुगेका छन् । उक्त समूहका अहमद सरमस्तले देशको नयाँ नेतृत्वबाट गीत–सङ्गीत क्षेत्रमा दमन हुन सक्ने भयले देश छाडेको जनाएका छन्।

अफगानिस्तान नेशनल इन्स्टिच्युट अफ म्युजिकका संस्थापक सरमस्तले भने, "ती महिला र केटीहरूमध्ये लगभग आधा महिला र केटीहरू त्यहाँको सरकारको सहयोगमा पोर्चुगल जाने योजनामा छन्।"

काबुलस्थित कतारी दूतावासको सहयोगमा सङ्गीतकारहरूलाई सानो–सानो समूहमा विभाजित गराएर शहरको विमानस्थलसम्म पुऱ्याइएको थियो। तालिबानी लडाकूहरूले काबुलमा कब्जा जमाएपछि तालिबानीहरूले विमानस्थलको व्यवस्थापन गरिरहेका थिए। तालिबानीहरूले महिला तथा बालबालिकालाई बाहिर जान अवरोध गरिरहेका थिए तर कतारी अधिकारीहरूले भने त्यसको सहज व्यवस्थापन गरिदिएका थिए। रासस


**ओशियन ट्रेडिङ्ग कन्सर्न**

वीरगंज–१८, पर्सा

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP)**

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायका मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Electric Tricycle Rickshaw FT-3 Model Without Batteries | Three wheeler Passenger Rickshaw | Yuandi | FT-3 | 4+1 Seater | China | 1 Pcs | 2,17,584.17 | 2,17,5848.17 | |

**विक्रेता फर्म नामः** ओशियन ट्रेडिङ्ग कन्सर्न, ठेगानाः वीरगंज–१८, पर्सा, पान नं. 304750467, एक्जिम कोड - 3047504670137NP, Mobile No. 9807195112

# प्रहरी दिवसमा निजगढमा सरसफाइ

प्रस, निजगढ, १९ असोज/

६६औं प्रहरी दिवसको अवसरमा इलाका प्रहरी कार्यालय निजगढले सरसफाइ कार्यक्रम मङ्गलवार गरेको छ।



तस्वीर : प्रतीक

राजमार्गको दुवै किनारालाई फोहरमुक्त बनाउँदै लायन्स क्लब निजगढ, संयुक्त मेची–महाकाली बुहारी संयुक्त आवाज निजगढलगायत विभिन्न सङ्घसंस्थाहरूको सहभागितामा सरसफाइ कार्यक्रम गरिएको हो।

इलाका प्रहरी कार्यालयको परिसर हुँदै बुद्धचोकसम्म करीब एक किलोमिटर दूरीमा रहेको मुख्य चोक, बस प्रतीक्षालयलगायतका सार्वजनिक स्थानहरूमा सरसफाइ गरेको थियो।

प्रहरी दिवसमा फोहोरमैलामुक्त गाउँसमाज निर्माणमा सकारात्मक पहल गर्दै माथिल्लो निकायको निर्देशनअनुरूप कार्यक्रम गरिएको इप्रका निजगढका प्रहरी निरीक्षक शङ्करप्रसाद चौधरीले बताए।

प्रहरी शान्ति सुरक्षाका निम्ति कटिबद्ध सङ्गठन भएको बताउँदै स्वच्छ वातावरणले हरेक प्राणीको जीवन स्वस्थ हुने मात्र होइन, हरेक मानव पनि स्वस्थ हुने भएकोले स्वस्थ मानवबाट समाजमा झनै स्वच्छ, शान्ति, सद्भाव, मैत्रीभाव बढ्नुका साथै सकारात्मक सोंच पैदा हुने अनि त्यसै अनुरूपको कार्य पनि हुने प्रनि चौधरीले बताए।

दशैं, तिहार, छठ पर्व नजीकिंदै गर्दा भीडभाड बढी हुने र कोरोना सङ्क्रमणको अवस्था अझै पूर्णरूपमा नियन्त्रणमा आइनसकेको अवस्थामा स्वास्थ्य सुरक्षाको पालना गर्दै सरसफाइमा समेत उचित ध्यान दिनुपर्ने सो कार्यक्रममा सरिक निजगढ नपाका वडाध्यक्ष सुदर्शनप्रसाद बडालले बताए। गाउँबस्ती, नगरको सरसफाइमा नगरवासी आफैं पनि सक्रिय रहनुपर्ने निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामकृष्ण नेपालले बताए।

**प्रस, सिम्रौनगढ/**

६६औं प्रहरी दिवस सिम्रौनगढ नगरपालिकामा मङ्गलवार सफाइ गरेर मनाइएको छ।

दिवसको अवसरमा आज बिहान इलाका प्रहरी कार्यालय सिम्रौनगढले कङ्काली मन्दिरमा सफाइ गरेको प्रहरी निरीक्षक दीपक सुवेदीले बताए।

सफाइ कार्यक्रममा प्रहरी, जनप्रतिनिधि, कर्मचारीलगायतको सहभागिता थियो।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य–मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र।

नेपाल सरकार
विज्ञापन बोर्ड







## पेट्रोल पम्पबाट नगद र गहना लुटपाट

प्रस, जनकपुरधाम, १९ असोज/

धनुषा जिल्लाको विदेह नगरपालिका वडा नं ७ स्थित पेट्रोल पम्पमा सोमवार राति लुटपाट भएको छ। रोशन ज्योति आयल स्टोरमा लुटपाट भएको प्रहरीले पुष्टि गरेको छ।

डाँका समूहले लुटपाट गर्न लाग्दा पम्पका सञ्चालकले प्रतिकार गर्न खोजेपछि डाँका समूहको रड प्रहारबाट पम्प सञ्चालक शम्भु साह घाइते भएका छन्।

राति करीब १२ बजेको समयमा १०/१२ जनाको समूहमा आएका डाँकाहरूले पेट्रोल पम्पबाट नगद ६ लाख रुपैयाँ, ६.५ तोला सुनका गहना, केही चाँदी र इलेक्ट्रोनिक्स सामानहरू लुटेर लगेको पम्प सञ्चालक साहले बताए।

घाइते सञ्चालक साहको जनकपुरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ।

लुटेराहरू सबैजनाले मास्क लगाएको र गम्छाले मुख छोपेको साहले बताए। लुटेराहरू आसपासकै र चिनजानकै व्यक्तिहरूमध्येको हुन सक्ने प्रहरीको अनुमान छ।

लुटेरा समूह पम्पबाट निस्के लगत्तै पुगेको प्रहरीले घटनाको गहन अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# खेलकूदको संसार

### स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल

## वनशक्ति युवा क्लब सेमिफाइनलमा प्रवेश

माधव तिमिल्सिना, ठोरी, १९ असोज/

ठोरी गाउँपालिका–४ विजयबस्तीमा जारी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवारदेखि शुरू भएको पहिलो क्वाटरफाइनल खेलमा टाइब्रेकरमा वनशक्ति युवा क्लब ठोरी–२ ले हाम्रो फूटबल क्लब, वीरगंजलाई पराजित गरी सेमिफाइनलको यात्रा सुरक्षित पारेको छ।




तस्वीरः प्रतीक

निर्धारित समयमा दुवै टीम बराबरीमा खेल सकिएपछि टाइब्रेकरबाट निर्णय गरिएको थियो। टाइब्रेकरमा वीरगंजका दुईजना खेलाडीले गोल गर्न चुकेका थिए। आजको पहिलो क्वाटरफाइनल खेलको 'म्यान अफ दी म्याच' वनशक्ति युवा क्लबका गोलरक्षक सागर मगर घोषित भए।

भोलि दोस्रो क्वाटरफाइनल खेलमा महावीर युवा स्पोर्ट्स क्लब, गम्हरिया र वीरगंज युनाइटेड क्लब भिड्ने आयोजकले बताएको छ।

## निर्मल समाज क्लब र अमृत युवा क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, १९ असोज/

विजयादशमीको अवसरमा ठोरी गाउँपालिका–२ को ब्यारेक खेलमैदानमा जारी दशैंकप–२०७८ अन्तर्गत मङ्गलवार भएको पहिलो खेलमा भूमिशक्ति युवा क्लब ठोरी–४ मालीबस्तीलाई निर्मल समाज क्लब ठोरी–१ रोजीनगरले एकका विरुद्ध दुई गोलअन्तरले पराजित गरेको छ।



तस्वीरः प्रतीक

भूमिशक्ति युवा क्लबका जितु पाण्डेले मध्यान्तरपूर्व गोल गरी अग्रता दिलाए तापनि निर्मल समाज क्लबका समीर थापाले मध्यान्तरपछि एक गोल गरी बराबरी गरे भने अर्का सञ्जीव भट्टराईले गोल गरी जीत दिलाए। पहिलो खेलको 'म्यान अफ दी म्याच' भट्टराई घोषित भएको वनशक्ति युवा क्लबका अध्यक्ष कमल रानाले बताए।

दोस्रो खेलमा अमृत युवा क्लब ठोरी–२ सुन्दरबस्तीले युवा जागृति क्लब ठोरी–२ गौतमनगरलाई एक गोलअन्तरले पराजित गर्‍यो। मध्यान्तरपूर्व अमृत युवा क्लबका राजु सापकोटाले गरेको एक गोल नै आजको दोस्रो खेलको निर्णायक रह्यो। दोस्रो खेलको 'म्यान अफ दी म्याच' अमृत युवा क्लबका पावेल थापा घोषित भए।

भोलिको पहिलो खेल निर्मल समाज युवा क्लब ठोरी–४ मिलचोक र जनचेतना युवा क्लब ठोरी–१ भगवाननगरबीच हुनेछ भने दोस्रो खेल नवयुवा क्लब ठोरी–२ गौतमनगर र श्रीस्टार क्लब ठोरी–१ सरस्वतीनगरबीच हुने खेल संयोजक सुनील लामाले बताए।

## काठमाडौं र भैरहवाबीचको खेल रद्द

काठमाडौं, १९ असोज/

एभरेस्ट प्रिमियर लिग (इपिएल) अन्तर्गत काठमाडौं किंग्स–११ र भैरहवा ग्लाडिएटर्सबीच मङ्गलवारका लागि तय भएको लिगको अन्तिम खेल रद्द भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा तय भएको उक्त खेलमैदानको आउटफिल्ड भिजेका कारण खेल्न योग्य नभएपछि खेल रद्द भएको हो। खेल रद्द भएसँगै दुवै टोलीले एक/एक अङ्क बाँडेका छन्।

यससँगै सन्दीप लामिछानेको कप्तानीमा रहेको काठमाडौं किङ्स–११ प्ले अफमा प्रवेश गरेको छ। काठमाडौं चौथो स्थानमा रहँदै प्ले अफमा पुगेको हो। काठमाडौंले पाँच खेलमा तीन अङ्क जोड्यो। ललितपुर प्याट्रियट्सले समान तीन अङ्क जोडे पनि काठमाडौं नेट रन रेटका आधारमा प्ले अफमा पुगेको हो।

लिगमा आठ अङ्क जोडेको चितवन टाइगर्स पहिलो स्थानमा छ भने सात अङ्क जोडेको पोखरा दोस्रो स्थानमा छ। त्यस्तै, समान सात अङ्क नै जोडेको भैरहवा नेट रन रेटका आधारमा तेस्रो स्थानमा छ।

साबिक विजेता ललितपुरसँगै दोस्रो संस्करणको विजेता विराटनगर वारियर्स भने प्रतियोगिताको लिग चरणबाटै बाहिरिएका छन्। भोलि बिहान ९:१५ बजे चितवन टाइगर्स र पोखराबीच पहिलो क्वालिफायर खेल हुनेछ।

त्यस्तै, काठमाडौंले भैरहवासँग इलिमिनेटर खेल खेल्नेछ। उक्त खेल भोलि दिउँसो १:३० बजे हुनेछ। प्रतियोगिताको विजेता टोलीले रु ५० लाख तथा उपविजेताले रु १५ लाख पाउनेछन्।

## घोरासैनी हत्याकाण्डका मुख्य आरोपी बोलखे पक्राउ

राकेश यादव, रौतहट, १९ असोज/

रौतहट चन्द्रपुर नगरपालिका–४ कप्तान टोल बस्ने वर्ष ३८ का सहदेव भन्ने डोलप्रसाद बोलखेलाई इलाका प्रहरी कार्यालय चन्द्रपुरले पक्राउ गरेको छ।

चन्द्रपुर नपा–३ गैंडाटारका ५० वर्षीय रोहिणीप्रसाद घोरासैनीलाई मार्नको लागि गैंडाटार बस्ने वर्ष ४५ का प्रह्लाद फुयाँल, पर्सा जिल्ला पर्सागढी नगरपालिका–३ बस्ने वर्ष २४ का रमेश पहरी र जिल्ला नवलपरासी (पूर्वी) कावासोती नपा–८ बस्ने वर्ष २३ का सूर्यबहादुर भण्डारीलाई तीन लाख रकम दिएर गत भदौ २६ गते घोरासैनीको हत्या गरेको आरोपमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो।

गैंडाटारस्थित कालापानी सामुदायिक वनको झाँडीभित्र मृतक घोरासैनीलाई मारेर पिरपिरेको रूखको हाँगामा गम्छाको पासो लगाएर झुन्डयाइएको घटनाको मुख्य योजनाकार सहदेव भन्ने डोलप्रसाद बोलखेलाई खोजतलाश गर्ने क्रममा असोज १७ गते राति काठमाडौंबाट पक्राउ गरेको इलाका प्रहरी कार्यालय चन्द्रपुरले जनाएको छ।

घटना लगत्तै प्रहरीले यसअघि तीनजनालाई पक्राउ गरी अनुसन्धान थालेको थियो। पक्राउ परेकाहरूलाई रौतहट जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले बताए।



पक्राउ परेका डोलप्रसाद बोलखे।